**निर्णय नं १:-** यस नगरपालिकाबाट यस पूर्व गरिएको योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र गत कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं २:-** खर्च कटौती र बजेट रोक्काका सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त परिपत्र अनुसार छलफल गर्ने कार्य गरियो, उक्त बमोजिम यस आव का तेस्रो चौमासिक अवधिमा संचालन गरिने चालु प्रकृतिका गोष्ठी, सेमिनार, अभिमुखिकरण, क्षमता विकास कार्यक्रमहरुको बजेट कार्यान्वयन नगर्ने निर्णय गरियो।

**निर्णय नं ३:-** राजस्व परामर्श समितिको निर्णय बमोजिम प्रस्तुत राजस्व तथा खर्चको समिक्षा उपर बैठकमा छलफल गरियो, राजस्वका दर तथा दायरा अभिवृद्धि हुनेगरी राजस्व सुधार तथा कार्यन्वयन योजना बमोजिम सम्बन्धित विज्ञको परामर्श समेत लिइ दर तथा दायरा बढाउने निर्णय गरियो।

**निर्णय नं ४:-** मिति २०८०/०२/०१ गते देखि लागु हुने गरी, मिति २०७९/०९/३०, २०८०/०१/२४ गते बसेको शिक्षा समितिको निर्णय अनुसार पेश हुन आएको विद्यालय बन्द, कक्षा घटुवा गर्नुपर्ने तथा विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापनका सम्बन्धमा भएको निर्णय समर्थन गर्ने निर्णय गरियो।

**निर्णय नं ५:-** पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को निति तथा कार्यक्रम र बजेटका सम्बन्धमा छलफल गरि नगरसभामा प्रस्तुत गर्न विभिन्न चरणका क्रियाकलापहरु अगाडी बढाउने निर्णय गरियो ,साथै तेह्रौं नगरसभाको बैठक २०८० आषाढ ७ गते विहिवार विहान ११ बजे सिटीहल स्याङजामा बस्ने गरि निम्रानुसारको बजेट तर्जुमा सम्वन्धी कार्ययोजना कार्यन्वयन गर्ने निर्णय गरियो।

निम्र:

| क्र स | कार्यक्रम | प्रस्तावित मिति | सम्वन्धित जिम्मेवारी | सहयोगी |
|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिवाट राजश्वको अध्ययन सम्वन्धी प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश | २०८०।०१।१९ | राजश्व परामर्श समिति | राजश्व शाखा |
| २ | कुल बजेट अनुमान बजेट सीमा निर्धारण | | बजेट सीमा निर्धारण समिति | आर्थिक प्रशासन शाखा राजश्व शाखा योजना शाखा |
| ३ | कुल बजेट अनुमान बजेट सीमा निर्धारण, बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गरी स्वीकृत गर्ने | २०८०।०१।२९ | कार्यपालिका | प्र प्र अ |
| ४ | विषयगत शाखा तथा वडा कार्यालय लाई आगामी वर्षको वजेट सीमा तथा मार्गदर्शन पठाउने | २०८०।०२/०२ | योजना र आ प्र शाखा | अन्य शाखाहरु सु प्र अ |
| ५ | वडा कार्यालयवाट टोल स्तरमा योजना छनौट आवश्यक जानकारी गराउने | २०८०।०२।०५ | वडा कार्यालय | कर्मचारी |
| ६ | टोल स्तरमा योजना प्राथमिकीकरण र छनौट गरी वडा समितिमा पेश गर्ने | २०८०।०२।०७ | टोल विकास संस्था | साप/ कर्मचारी |

तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७ | वडा कार्यालयवाट टोल स्तरमा प्राप्त योजना कार्यक्रमलाई विषयगत क्षेत्र अनुसार छुट्याउने र वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा समितिमा पेश गर्ने | २०८०।०२।१५ | वडा सचिव | वडा समिति |
| ८ | विषयगत समितिको वैठक वसी विषयगत क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | २०८०।२।१८ | विषयगत समिति | विषयगत शाखा |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक वसी योजना तथा कार्यक्रमको प्राथमिकीकरण | २०८०।२।२५ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | प्र प्र अ/ योजना शाखा |
| १० | मध्यमकालिन खर्च संरचना बजेट तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | २०८०।२।३० | आ प्र /योजना शाखा | अन्य शाखाहरु सु प्र अ |
| ११ | गै स स तथा विकाश साझेदारहरुको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | २०८०।३।२ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | योजना शाखा |
| १२ | वार्षीक नीति तथा कार्यक्रमको अन्तिम मस्यौदा तयार | २०८०।०३/०३ | नगर प्रमुख/ प्रमुख प्र अ | विषयगत शाखा सवै |
| १३ | आर्थिक तथा विनियोजन विधेयकको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने | २०८०।०३/०३ | बजेट तथा कार्यक्रम समिति | आर्थिक प्रशासन शाखा र राजश्व शाखा |
| १४ | कार्यपालिका वैठक | २०८०।०३/०४ | नगर प्रमुख | प्र प्र अ |
| १५ | नगर सभा | २०८०।३।७ | नगर प्रमुख | प्र प्र अ |

**निर्णय नं ६:-** आर्थिक वर्ष २०८०/०८१ का लागि यस नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको २०८०/०१/१० को निर्णय अनुसार गरिएको पत्राचार अनुमोदन गर्ने साथै समितिको सिफारिस बमोजिम योजना तर्जुमा गर्दा देहाय बमोजिम गर्ने,

- २०८० जेष्ठ १५ गते भित्र सबै प्रक्रिया पूरा गरी वडा समितिहरुले आ.व. २०७९/८० मा वडाहरुलाई प्रदान गरिएको शिलिङ्गलाई आधार मानी सो मा १० प्रतिशत बजेट थप गरी सो बराबरका योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण गरी कार्यपालिकामा पेश गर्ने।
- रु. १ लाख भन्दा कम बजेटका योजना तथा कार्यक्रम नबनाउने।
- रु. ५ लाखका २ वटा योजनाहरु अनिवार्य समावेश गर्ने।
- यस नगरपालिकालाई संघ तथा प्रदेश बाट प्राप्त हुनुपर्ने बजेट शिलिङ्ग मध्ये केही शीर्षकमा हाल सम्म पनि प्राप्त नभएकोले सो शिलिङ्ग पूर्ण रुपमा प्राप्त भए पछि वडा र शाखागत बजेट सीमा संशोधन गर्न सकिनेछ।

**निर्णय नं ७:-** गरिब सँग विश्वेश्वर कार्यक्रम वडा नं ५ मा संचालन गर्ने र कार्यसंचालनका लागि सामाजिक परिचालकको पुतलीबजार नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम भर्ना तथा छनौट एवं कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं ८:-** स्याङ्जा बजारको विद्युतिय तार भुमिगत गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणमा आगामी वार्षिक योजनामा समावेश गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरियो।

तुलसी रांम रेग्मी
नगर प्रमख

**निर्णय नं ९:-** स्याङ्जा बजारको अव्यवस्थित खानेपानीको पाइप एकिकृत र भुमिगत रुपले व्यवस्थापन गर्ने सम्बन्धमा सरोकारवाला समितिहरु तथा निकायहरु सँग छलफल समन्वय गरी एकीकृत खानेपानी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:-** राष्ट्रिय मानवअधिकार आयोगको च नं ११३ मिति २०७९/१२/२२ को परिपत्र अनुसार देहाय बमोजिम पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समिति गठन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**देहाय :-**

संयोजक :- नगरप्रमुख

सदस्य :- नगरउपप्रमुख

सदस्य :- प्रत्येक वडाका वडा अध्यक्ष

सदस्य :- पालिका भित्र सम्बन्धित विषय हेर्ने अधिकृतहरु

सदस्य :- स्थानीय तहमा रहेको सुरक्षा निकायको प्रमुख्

सदस्य सचिव :- प्रमुख प्रशासकिय अधिकृत

**कार्यविवरण :-**

कार्ययोजना क्रियाकलाप सँग सम्बन्धित वडालाई निर्देशन दिने,

कार्ययोजना कार्यान्वयनको क्रममा संचालन गरिने क्रियाकलापको कार्यान्वयनमा समन्वय र सहजिकरण गर्ने,

कार्ययोजना कार्यान्वयन स्थितिको समिक्षा गर्ने,

तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**निर्णय नं ११:-** टेम्पो, अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद ३ दफा ६ बमोजिमको रुट इजाजत तथा भाडा दर निर्धारण सम्बन्धी समितिमा रिक्त रहेको सदस्य पद देहाय बमोजिम तोक्ने निर्णय गरियो ।

संयोजक - नगर उपप्रमुख

सदस्य :- प्रमुख प्रशासकीय अधिकृत

सदस्य :- संयोजक, पूर्वाधार विकास समिति

सदस्य :- नगर प्रमुखबाट मनोनित कर्यापलिका महिला सदस्य अनिता रुचाल

सदस्य :- राजेन्द्र मरासिनी, पु.ब.न.पा.३, उपभोक्ता मध्ये बाट

सदस्य :- सवारी धनि मध्येबाट महेश बहादुर थापा पु ब न पा ४

सदस्य :- जिल्ला प्रशासन कार्यालय, अधिकृत प्रतिनिधि १ जना

सदस्य :- कानून शाखा प्रमुख

सदस्य :- स्थानीय ट्राफिक प्रहरी कार्यालयको प्रमुख

सदस्य सचिव :- प्रशासन शाखा प्रमुख

**निर्णय नं १२:-** दिर्घ रोगि, असहाय, असक्त र जेष्ठ नागरिकहरुक लागि वडा वडा र पालिका समेतबाट निशुल्क स्वास्थ्य परिक्षण र औषधि वितरणको उचित प्रवन्ध मिलाउने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमख

**निर्णय नं १३:-** यस नगरपालिका क्षेत्रभित्रका विभिन्न वडामा बजार अनुगमन कार्यविधि २०७५ बमोजिम उपभोक्ता हित संरक्षण समिति तथा बजार अनुगमन टोलीबाट बजार अनुगमन गर्ने कार्यलाई तिव्रता दिने निर्णय गरियो।

**निर्णय नं १४:-** फुटपाथ एवं सडकपेटीमा राखिएका सामान र विज्ञापन बोर्डहरु मापदण्ड अनुसार हटाउने निर्णय गरियो।

**निर्णय नं १५:-** सेवाप्रवाह तथा गुनासोको कार्यान्वयन सम्बन्धमा निश्चित सेवाहरु सार्वजनिक विदाका दिनमा पनि सेवा प्रवाह हुने गरी बन्दोबस्त गर्ने।

**निर्णय नं १६:-** प्रथम, द्धितिय र तृतिय सार्वजनिक सुनुवाई प्रतिवेदन सामुदायिक रेडियो स्याङ्जा एफ एम बाट सम्पादन गरि पेश हुन आएकोमा बैठक समक्ष छलफल गरि प्रतिवेदनमा प्राप्त नागरिकका गुनासा तथा सुझावहरुको सम्बोधन गर्ने निर्णय गरियो।

**निर्णय नं १७:-** वेवारिसे लास व्यवस्थापन तथा सदगत कार्यका लागि प्रति लाश रु १०००० का दरले खटिने कर्मचारीलाई प्रोत्साहन पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं १८:-** सफाइ केन्द्रमा कार्यरत सरसफाइकर्मीहरुको लागि सार्वजनिक विदाको दिनमा समेत कार्य गर्नेगरी मासिक खाजा खर्च स्वरुप मिति २०८०/०१/०१ बाट लागुहुनेगरी १५०० का दरले उपलब्ध गराउने साथै दशैं, तिहार जस्ता चाडवाडका समयमा पुरा समय खटिने कर्मचारीलाई नियमानुसार तोकिए बमोजिमको अतिरिक्त भत्ता तथा पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं १९:-** यस नगरपालिका समक्ष पेश हुन आएका विभिन्न निवेदन तथा कार्यक्रमका लागि सहयोग मागका आधारमा देहाय बमोजिमको अनुदान उपलब्ध गराउने निर्णय गरियो।

१) गण्डकी स्तरिय वि पि स्मृति पुस्तकालय स्थापना तथा संचालन संस्थागत सदस्यता प्राप्तीका लागी सहयोग रु.१०००००/-
२)लामागे फाँट सिचाइ योजना निर्माण तथा सुधार पु ब न पा १४ रु १०००००/-
३) खर्कापँधेरा तल्लोडिहि खा पा मर्मतका लागी ३२ एम एमको पाइप ४०० मिटर प्रदान गर्ने
४) फापरथुम ग्रामीण सडक अन्तरगत लामिछाने मोड फापरथुम ग्रामीण सडकमा वाल तथा नाला निर्माणका लागी रु १०००००/-
५) दोभानडाँडा सडक निर्माण तथा सुधार रु १२००००/-
६) आँधिखोला एग्रो फर्म पु ब न पा १३ लाई आर्थिक सहयोग रु ५००००/-
७) ढडुवा लिफ्टिङ खा पा मर्मत सुधार पु ब न पा ३ रु २५००००/-
८) चापाकोट बजार व्यवस्थापन समिति (प्रथम नव वर्ष विशेष सांस्कृतिक तथा सडक महोत्सव) लाई रु १५००००/-
९) कालाभैरव पुरातात्विक मन्दिरमा देवी तथा पञ्चवली पुजा सहयोग रु ३५०००/-
१०) पु ब न पा ७ का ग्रामिण सडक मर्मत सुधारका लागि नपुग रकम रु२०००००/-
११) वडा नं ७ वडा कार्यालय मर्मत सुधारको लागि रु ५००००/-
१२) चण्डीकालिका पुजा व्यवस्थापन खर्च, पु ब न पा १४ १२२०००/-
१३) चण्डिकालीका खानेपानी, पु ब न प १४ निर्माण कार्यको बाँकी खर्च भुक्तानीका लागी रु ९९५९२१/-
१४) लामागे खानेपानी तथा सरसफाई कार्यक्रम सहयोग रु २०००० /-

तुलसी राम रेग्मी
नगर प्रमुख

१५) पुतलीखेत उनियाचौर कृषि सडक , पु ब न पा ४- १,४४,९९५/-

**निर्णय नं २०:-** पु ब न पा ५ रिङ्गे खोलामा(साविक पौवैगौडे ७ र ९ जोइने) साझेदारीतामा झोलुङ्गे पुल निर्माणको कार्य अगाडी बढाउने ।

**निर्णय नं २१:-** पु.ब.न.पा. १२ वडा कार्यालयमा सेवा करारमा कार्यरत कार्यालय सहयोगी बिमला गुरुङलाई खाईपाई आएको सुविधा पाउने गरी ९८ दिन प्रसूति विदा दिने निर्णय गरियो ।

**निर्णय नं २२:-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०।२०८१ को लागि रोजगार व्यवस्थापन सूचना प्रणालीमा (EMIS) सुचीकृत भएका देहाय बमोजिमका बेरोजगार व्यक्तिहरुको (संख्या) वडागत विवरण कार्यपालिकाबाट स्वीकृत गर्नको लागि पेश गरिएको छ ।

| क्र.सं. | वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | १ | १८ | ५ | २३ |
| २ | २ | १२ | २१ | ३३ |
| ३ | ३ | ४० | १६ | ५६ |
| ४ | ४ | ९० | १४ | १०४ |
| ५ | ५ | २७ | ३२ | ५९ |
| ६ | ६ | ६० | २७ | ८७ |
| ७ | ७ | ५५ | २६ | ८१ |
| ८ | ८ | ३ | १८ | २१ |
| ९ | ९ | १३० | ९७ | २२७ |
| १० | १० | ० | १७ | १७ |
| ११ | ११ | १५ | ४ | १९ |
| १२ | १२ | ७४ | ४१ | ११५ |
| १३ | १३ | १४९ | १०० | २४९ |
| १४ | १४ | ६२ | ३९ | १०१ |
| **जम्मा** | | **७३५** | **४५७** | **११९२** |

**निर्णय नं २३:-** मिति २०७९/१२/२६ गते परामर्श सेवा खरिदको कार्य गर्न RFP No.: PBM/RFP-05/07/080 Preparation of Land Use plan and Land Use Zoning in Putalibazar Municipality को लागी प्राविधिक तथा आर्थिक प्रस्तावमा सर्वोच्च अंक हासिल गर्ने श्री A Class Consultants and Construction Pvt.ltd., Pokhara, Kaski ले कवोल गरेको रकम रु १७,७६,३६०.०० (अक्षरुपी सत्र लाख छहतर हजार तिन सय साठी) को दरभाउ पत्र तथा परामर्श सेवा खरिद कार्यको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २४ :** नवीकरणीय उर्जा प्रविधि जडान अन्तरगत स्वीकृत योजना अन्तरगत पौवेगौडे र पेल्काचौर स्वास्थ्य चौकी मा सौर्य उर्जा सहितको विद्युतीय Back-up जडान गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं २५ :** पुतलीबजार नगरपालिका वडा नं १ बाट योजना संसोधनका लागि सिफारिस भै आएको देहाय बमोजिम योजना संसोधन गर्ने निर्णय गरियो ।

| क्र.स | साविकको योजना | रकम | हुनु पर्ने योजना | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | नारायणस्थान मजुवा तटबन्धन | ५००००/- | सिद्धार्थ राजमार्ग देखि चौकीसम्म नाला निर्माण तथा सरसफाई | ५००००/- |
| २ | प्रगतिनगर गोविन्द रानाभाटको घर पछाडीको नाला निर्माण | ५००००/- | कालाखोला सिरानेघर गो. व | ५००००/- |
| ३ | तल्लो खोरिया पुजारीथर खानेपानी व्यवस्था | १०००००/- | खोरिया दलित वस्ती गोरेटोबाटो रेलिङ निर्माण | १०००००/- |

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा

तुलसी राम रेग्मी
नगर प्रमख